# नागार्जुन नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड (७), काठमाडौं** **माघ २ गते, २०८० साल** **(संख्याः ७)**


कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/१६

### भाग २

## शिक्षण सिकाई सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः** नेपालको संविधान २०७२ को अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ज) ले दिएको अधिकार कार्यान्वयन गर्नका लागि सामुदायिक विद्यालयहरुले प्राथमिकता निर्धारण गरी तयार गरेको विद्यालय सुधार योजनालाई प्रभावकारी कार्यान्वयन गरी विद्यार्थीहरुको सर्वपक्षीय विकास, सिकाइ उपलब्धि अभिवृद्दि तथा विद्यालयको आन्तरिक सक्षमता विकासको लागि विद्यालय क्षेत्र योजना विकासमा उल्लेख भए अनुसार वार्षिक एकमुष्ठ र प्रति विद्यार्थी लागतको आधारमा अनुदानको प्राप्ति तथा व्यवस्थापन गर्न वाञ्छनिय भएकोले नागार्जुन नगरपालिकाले "**शिक्षण सिकाई सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८०**" जारी गरी लागु गरिएको छ।

### परिच्छेद -१

### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१ **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम नागार्जुन नगरपालिकाको "**शिक्षण सिकाई सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८०**" रहेको छ।

ख) यो कार्यविधि नागार्जुन नगरपालिका क्षेत्र भित्र लागु हुनेछ।

ग) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२ **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ सम्झनुपर्छ।

(ख) "नगरपालिका" भन्नाले नागार्जुन नगरपालिकालाई सम्झनुपर्छ।

(ग) "प्रमुख" भन्नाले नागार्जुन नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(घ) "उपप्रमुख" भन्नाले नागार्जुन नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नागार्जुन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(च) "सामुदायिक विद्यालय"भन्नाले सरकारी तवरबाट नियमित रूपमा अनुदान पाउने गरी नागार्जुन नगरपालिकाको क्षेत्रभित्र सञ्चालनका लागि अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालनमा रहेका विद्यालय सम्झनु पर्दछ।

(छ) "आधारभूत विद्यालय"भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्दछ।

(ज) "माध्यमिक विद्यालय"भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्दछ।

(झ) "नगर शिक्षा समिति"भन्नाले नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

(ञ) "शाखा"भन्नाले नागार्जुन नगरपालिकाका शिक्षा, युवा तथा खेलकूद शाखालाई सम्झनुपर्छ।

(ट) "दरबन्दी" भन्नाले संघीय सरकारबाट विद्यालयलाई प्राप्त स्वीकृत शिक्षक दरबन्दीलाई जनाउँछ र सो शब्दले राहत अनुदान कोटा समेतलाई सम्झनुपर्छ।

(ठ) "अनुदान" भन्नाले प्रति विद्यार्थी लागत तथा एकमुष्ठका आधारमा विद्यालयलाई उपलव्ध गराइने अनुदानलाई जनाउँछ ।

## परिच्छेद -२

## अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने सर्तहरु

३. **अनुदान प्राप्तिका सर्तहरु:** अनुदान प्राप्त गर्न विद्यालयले देहायका सर्तहरु पूरा गर्नु पर्नेछः

(क) पूर्व प्राथमिक,आधारभूत तथा माध्यमिक तहसम्म सञ्चालित अनुमति प्राप्त विद्यालय हुनुपर्ने,

(ख) विद्यार्थी संख्याको आधारमा उपलव्ध गराइने,

(ग) विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय सुधारका पक्षहरु समेटिएको विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरेको हुनुपर्ने,

(घ) विद्यालयले हरेक वर्ष कारोवारको नियमित लेखा परीक्षण गरेको हुनुपर्ने,

(ङ) विद्यालयले वर्षभरी गरेको क्रियाकलापहरु झल्कने सामाजिक परीक्षण प्रतिवेदन तयार गरी पेश गरेको हुनुपर्ने,

(च) विद्यालयले नियमित रुपमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली(IEMIS) भरेको हुनुपर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिको गठन भई क्रियाशिल भएको हुनुपर्ने,

(ज) विद्यालयले अनुदान प्राप्त गर्नका लागि अनुसूची १ अनुसार आवेदन पेश गर्नुपर्ने।

## परिच्छेद -३

## विद्यालय छनोटका प्रक्रिया तथा सिफारिसका आधारहरु

४. **विद्यालय छनोट प्रक्रियाः** विद्यालय छनोट देहायका प्रक्रिया अनुसार गरिनेछः

(क) दफा ३ बमोजिमका सर्त पूरा गरेका सामुदायिक विद्यालयहरुलाई सो कार्यक्रमका लागि सिफारिस तथा छनोट गर्दा अनुसूची २ मा उल्लेखित विद्यालय छनौटका सूचक मापनका आधारलाई अवलम्बन गर्नुपर्ने छ,

(ख) स्थानीय तहले शिक्षण अनुदान प्राप्त गर्ने विद्यालयको सूची तयारका लागि सूचना प्रकाशित गर्नुपर्नेछ,

(ग) शिक्षा, युवा तथा खेलकूद शाखाले प्राप्त निवेदनको छानविन गर्ने र स्थलगत अनुगमन गरी आफ्नो राय सहितको विवरण नगर शिक्षा समिति समक्ष पेश गर्ने,

(घ) यसरी छनौटमा परेका विद्यालयहरुको लागि आवश्यक अनुदानको व्यवस्था गरी सम्बन्धित विद्यालयलाई जानकारी गराउने,

(ङ) स्थानीय तहले आफ्नो क्षेत्रभित्रका अनुदान लिने विद्यालयसँग तोकिएको ढाँचामा विद्यालय सञ्चालनको लागि करार सम्झौता गर्ने,

(च) छनौटमा परेका विद्यालयलाई स्थानीय तहले करार सम्झौता अनुसार काम सम्पादन गर्ने सर्तमा अनुदानको रकम निकासा गर्ने,

(छ) विद्यार्थी संख्या, शिक्षक संख्या, परीक्षाको परिणाम र विद्यालयको आर्थिक अवस्थालाई छनौटका आधार बनाइनेछ ।

५. <u>सिफारिस समितिः</u>

(१) शिक्षण सहयोगमा आधारित अनुदान कार्यक्रमका लागि प्राप्त आवेदनलाई दफा ३ एवम् ४ को आधारमा मूल्यांकन गरी नगर शिक्षा समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| (क) शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | संयोजक |
| (ख) सामाजिक विकास समितिका सदस्यहरु मध्येबाट नगरप्रमुखबाट मनोनित एक जना | सदस्य |
| (ग) विव्यसका अध्यक्षहरुमध्येबाट नगर प्रमुखबाट मनोनित एक जना | सदस्य |
| (घ) आधारभूत तथा माध्यमिक तहका प्रअहरु मध्येबाट नगरप्रमुखबाट मनोनित एक/एक जना गरी दुई जना | सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख | |
| (च) शिक्षा, युवा तथा खेलकूद शाखाको शाखा अधिकृत | |

(२) समितिको बैठकमा आवश्यकतानुसार विज्ञ व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ ।

६. <u>सिफारिस समितिको काम कर्तव्य र अधिकारः</u> सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

(क) दफा ३ बमोजिमका सर्त पूरा गरेका सामुदायिक विद्यालयहरुले अनुदानका लागि अनुसूची ४ मा तोकिएको ढाँचा र कागजातहरु संलग्न राखी १५दिनको म्याद दिइ सूचना प्रकाशित गर्ने।

(ख) नगरपालिका मार्फत पेश भएका कागजातहरु तोकिएको मूल्यांकनको आधारमा पुनरावलोकन गरी सूचिकृत गर्ने ।

(ग) सूचिकृतमा परेका विद्यालयको तथ्यांकमा दुविधा भएमा विद्यालयसँग सम्पर्क गरी एकिन गर्ने।

(घ) छनौट भई आएका विद्यालयसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

(ङ) कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने गराउने ।

## परिच्छेद -४

## अनुदान प्राप्त गर्ने तथा खर्च गर्ने आधार र प्रक्रिया

७. **अनुदान प्राप्त गर्ने आधारः**

**(क)** विद्यालयले प्रति विद्यार्थी लागतको आधारमा प्राप्त गर्ने अनुदान विद्यार्थी संख्याको आधारमा प्राप्त गर्नेछ ।

**(ख)** विद्यालयले कार्यसम्पादनमा आधारित अनुदान विद्यालयले पेश गरेको प्रस्तावको आधारमा प्राप्त गर्नेछ।

८. **अनुदान खर्च गर्ने आधारः** छनोटमा परेका विद्यालयहरुले कार्यसम्पादन सम्झौता बमोजिम स्थानीय तहबाट प्राप्त अनुदान देहायको शीर्षकमा खर्च गर्नुपर्नेछः

(क) न्युनतम योग्यता पुगेका एक जना शिक्षकहरुको लागि वार्षिक पारिश्रमिक अनुदान,

(ख) एकजना बालकक्षा शिक्षकको लागि वार्षिक पारिश्रमिक अनुदान,

(ग) एक जना विद्यालय सरसफाइ तथा सुरक्षा सहयोगीको लागि पुग्ने वार्षिक पारिश्रमिक अनुदान,

(घ) विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्च,

(ङ) शैक्षिक सामग्री विकास खर्च,

(च) विद्यालय सुधार योजनामा आधारित रही शैक्षिक सुधारको लागि आवश्यक खर्च,

(छ) विद्यालय भवन मर्मत सम्भार, शौचालय, खानेपानी,सरसफाई आदि।

९. **अनुदान खर्च गर्ने प्रक्रियाः**

(क) प्रधानाध्यापकले कार्यसम्पादन सम्झौता अनुसार बुँदा नं ४ बमोजिमको खर्चको प्रस्ताव गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई अनुदान खर्च गर्ने व्यवस्था गर्नुपर्नेछ।

(ख) जुन कार्यका लागि रकम तोकिएको हो सोही काममा मात्र खर्च गर्नु पर्नेछ ।

(ग) विद्यालयले अनुदान रकम खर्च गर्दा प्रचलित आर्थिक ऐन तथा नियमावलीले तोके अनुसारको प्रक्रिया पूरा गरी खर्च गर्नुपर्नेछ ।

## परिच्छेद -५

## सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी, शिक्षक नियुक्ति र सेवा सर्त सम्बन्धी व्यवस्था

१०. **सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी तथा शिक्षक भर्ना सम्बन्धी व्यवस्थाः** विद्यालयले उपलव्ध शिक्षण सिकाइ अनुदानमा शिक्षण सेवा लिंदा देहाय अनुसार गर्नु पर्नेछः

(क) सम्बन्धित तहको विषयगत शिक्षक दोहोरो नपर्ने गरी प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा गर्ने,

(ख) छनौट भएका शिक्षकलाई विद्यालयले करार सम्झौता गर्ने। यो करार अवधि सामान्यतः एक शैक्षिक सत्रको लागि हुने,

(ग) विद्यालयमा आगामी वर्षहरुका लागि शिक्षण सिकाइ अनुदान कोटा प्राप्त हुने सुनिश्चितता भएको अवस्थामा मात्र विद्यालय व्यवस्थापन समितिले यसै कार्यविधि अनुरुप शिक्षण सेवा करारमा लिइएको व्यक्तिको शिक्षण कार्य सम्पादनको आधारमा प्राथमिकता दिई पुनः शिक्षण सेवा करार गर्न सक्ने ।

(घ) प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी, सुरक्षा तथा सरसफाई सहयोगीलाई विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि अनुसार करारमा नियुक्ति गर्न सक्नेछ ।

११. **सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी तथा शिक्षकको सेवा सर्त सुविधाः** यस कार्यविधि अनुसार शिक्षण अनुदान कोटामा छनौट भएका शिक्षकले देहाय अनुसारको सुविधा पाउनेछन्ः

(क) शिक्षकको तह / श्रेणी अनुसारको न्युनतम तृतीय श्रेणीको शुरु स्केल भन्दा बढी नहुने गरी करार सम्झौता बमोजिम बढीमा १३ महिनाको पारिश्रमिक सुविधा मात्र पाउने।

(ख) प्रारम्भिक बाल विकासका सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी, सुरक्षा तथा सरसफाई सहयोगीले विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम करार सम्झौता बमोजिम बढीमा १३ महिनाको पारिश्रमिक सुविधा मात्र पाउने।

## परिच्छेद -६
## विभिन्न निकायको भूमिका

१२. **स्थानीय तहको भूमिकाः** स्थानीय तहको भूमिका देहाय अनुसार हुनेछः

(क) विद्यालयलाई प्रदान गरिने अनुदानको लागि विद्यालयबाट प्रस्ताव आव्हान गर्ने,

(ख) अनुदानको लागि निवेदन दिने विद्यालयहरुको छानविन गरी एकिन गरी नगर शिक्षा समितिमा पेश गर्ने,

(ग) आवश्यकता अनुसार अनुदान प्राप्त गर्न योग्य विद्यालयहरु छनौटका लागि आधारहरु तयार गर्ने,

(घ) वार्षिक एकमुष्ठ अनुदान प्राप्त गर्ने योग्य विद्यालय छनौट गरी सूची प्रकाशन गर्ने,

(ङ) छनौटमा परेका विद्यालयहरुको एकमुष्ठ अनुदानको लागि आवश्यक बजेटको व्यवस्था गरी रकम निकासा गर्ने,

(च) कार्यविधिमा उल्लेख भएका विषयहरुमा केही दुविधा भएमा स्पष्ट गरी कार्यान्वयनमा लैजाने,

(छ) अनुदान प्राप्त विद्यालय तथा कार्यक्रमहरुको अभिलेख अद्यावधिक गराइ राख्ने,

(छ) आवश्यकता अनुसार समन्वय तथा निर्देशन दिने।

१३. **विद्यालयको भूमिकाः** अनुदान प्राप्त गर्ने विद्यालयहरुको भूमिका देहाय बमोजिम हुनेछन्ः

(क) स्थानीय तहसँग कार्यसम्पादन सम्झौता गरी कार्यान्वयन गर्ने,

(ख) प्रत्येक वर्ष कक्षागत सिकाई उपलव्धि निर्धारण गरी सोही अनुसार शिक्षण सिकाइका गतिविधिहरु सञ्चालन गर्ने,

(ग) विद्यालयको प्रगति विवरण चौमासिक रुपमा स्थानीय तहमा पठाउने,

(घ) नियमावलीले तोके अनुसार विद्यालय सञ्चालन तथा पठनपाठनको व्यवस्था मिलाउने,

(ङ) बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्ग मैत्री विद्यालय विकासमा जोड दिने,

(च) शिक्षण सिकाई क्रियाकलाप सहभागितामूलक बनाई शैक्षिक गुणस्तर प्रवर्धनमा जोड दिने,

(छ) शिक्षण सिकाई अनुदान सहयोग कार्यक्रमको कार्यसम्पादन सम्बन्धी प्रतिवेदन विद्यालय व्यवस्थापन समितिबाट प्रमाणित गराइ नगरपालिका समक्ष पेश गर्ने,

(ज) स्थानीय तहले दिएको निर्देशानुसार कार्य गर्ने।

१४. **<u>प्रधानाध्यापकको भूमिकाः</u>**

(क) विद्यालयको वार्षिक योजना तयार गर्ने,

(ख) विद्यालयको वार्षिक योजना तथा अनिवार्य दायित्व अन्तर्गतका ससर्त, एकमुष्ठ तथा कार्यसम्पादनमा आधारित अनुदान माग गर्ने,

(ग) विद्यालयलाई प्राप्त अनुदान रकम आफ्नो वार्षिक योजना अनुसार तोकिएका कार्यक्रममा खर्च गर्ने,

(घ) विद्यालयको सबै आर्थिक कारोवारको नियमावलीले तोकेको ढाँचामा लेखा राख्ने,

(ङ) वार्षिक रुपमा लेखा परीक्षण तथा सामाजिक परीक्षण गराउने र नियमित रुपमा स्थानीय तहमा प्रतिवेदन बुझाउने दायित्व विद्यालयका प्रधानाध्यापकको हुनेछ।

## परिच्छेद -६

## <u>विविध</u>

१५. **<u>करार सम्झौता अनुसार काम गर्नुपर्नेः</u>** यस कार्यविधि अनुसार छनोट भएका विद्यालयले स्थानीय तहसँग गरेको करार सम्झौता अनुसार काम गर्नु पर्नेछ। सो अनुसार काम सम्पन्न नगर्ने तथा दिएको निर्देशानुसार काम नगर्ने विद्यालयलाई प्रचलित कानुन अनुसार कारवाही गरिनेछ ।

१६. **<u>कोटा तथा अनुदान सम्बन्धी व्यवस्थाः</u>** अनुदान प्रदान गर्ने विद्यालयको संख्या तथा तिनलाई दिइने वार्षिक एकमुष्ठ प्रति विद्यार्थी लागतको कार्यक्रम तथा वजेट पुस्तिकामा उल्लेख भए बमोजिम हुनेछ।

१७. **<u>निर्देशन दिन सक्नेः</u>** छनौटमा परेका विद्यालयहरुलाई करार सम्झौता अनुसार काम भए नभएको अनुगमन गरी निर्देशन दिने अधिकार स्थानीय तहको हुनेछ। यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

१८. **<u>कार्यक्रमको अनुगमनः</u>** कार्यक्रमको नियमित अनुगमन नागार्जुन नगरपालिका तथा वडा कार्यालयहरुबाट हुनेछ।

१९. **प्रतिवेदन पेश गर्नुपर्नेः** अनुदान प्राप्त विद्यालयले आफूले गरेको काम तथा प्रगतिको सम्बन्धमा प्रतिवेदन तयार गरी चौमासिक रुपमा स्थानीय तहमा पेश गर्नुपर्नेछ।

**आज्ञाले,**
**सुमन अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. १०/-

## अनुसूची १

## आवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू,
नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्दि, सीतापाइला, काठमाण्डौ ।

**विषयः शिक्षण सिकाईमा आधारित कार्यक्रम सम्बन्धमा।**

महोदय ,

प्रस्तुत विषयमा त्यहाँ कार्यालयको मिति २०८०/----- /---- मा प्रकाशित सूचना अनुसार हाम्रो विद्यालयलाई शिक्षण सिकाईमा आधारित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० बमोजिम कार्यक्रम प्राप्त गर्नको लागि देहायको विवरणसहित निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

१ विद्यालयको नाम र ठेगानाः
२ निवेदनसाथ संलग्न कागजातहरुः
३ विद्यालयको प्रस्तावनाः
(क) सिकाईउपलव्धिको विवरणः
(ख) विद्यालय व्यवस्थापन समितिको निर्णय र प्रतिवद्दताः
(ग) सम्बन्धित वडाको सिफारिसः
(घ) पछिल्लो तीन वर्षको कक्षा ५, कक्षा ८ र एसइइ परीक्षाको मार्कलेजरः
(ङ) लेखापरीक्षण, सामाजिक परीक्षण र अद्यावधिक विद्यालय सुधार योजनाः
(च) विद्यालयको वार्षिक योजनाः
(छ) चालू शैक्षिकसत्रको विद्यार्थी तथ्याङ्क विवरणः

प्रधानाध्यापकको
नामः
दस्खतः
मितिः

## अनुसूची २

## (दफा ४को (क) सँग सम्बन्धित)

### विद्यालय छनोटका सूचक मापनका आधारहरु(माध्यमिक तह)

| क्र स | सूचक | अङ्क | स्रोत |
|---|---|---|---|
| १ | कक्षा १० को एसइइको औसत | ३ | एसइइको अभिलेख |
| २ | गतवर्षको तुलनामा औसत जिपीयमा बृद्दि | ३ | एसइइको अभिलेख |
| ३ | दुई वर्ष अघिको कक्षा ९मा भर्ना भएका विद्यार्थीको तुलनामा यस वर्ष एसइइ पूरा गर्ने प्रतिशत | ३ | तथ्याङ्क विवरण अभिलेख |
| ४ | कक्षा ९ र १० को प्रति कक्षा औसत उपस्थिति प्रतिशत | ३ | तथ्याङ्क विवरण अभिलेख |
| ५ | गत शैक्षिक सत्रमा शिक्षकको औसत उपस्थिति प्रतिशत | ३ | विद्यालयमा रहेको हाजिरी अभिलेख |
| ६ | विव्यस गठन बैठक र कार्यान्वयन | ३ | विद्यालय अभिलेख |
| ७ | वार्षिक शैक्षिक योजना निर्माण | ३ | विद्यालय अभिलेख |
| ८ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग | ३ | विद्यालय अभिलेख |
| ९ | प्रअद्वारा कक्षा अवलोकन कार्य | ३ | विद्यालय अभिलेख |
| १० | पाठ योजना तयार गर्ने शिक्षक | ३ | विद्यालय अभिलेख |
| ११ | मूल्याङ्कनको निरन्तरता र निर्माणात्मक प्रयोग | ३ | विद्यालय अभिलेख |
| १२ | शिक्षकको अनुपस्थितिमा कक्षा व्यवस्थापनको स्वरुप | ३ | विद्यालय अभिलेख |
| | जम्मा अङ्क | ३६ | |

### विद्यालय छनोटका सूचक मापनका आधार (आधारभूत तह)

| क्र स | सूचक | अङ्क | स्रोत |
|---|---|---|---|
| १ | कक्षा ८ को स्थानीय तहको औसत | ३ | कक्षा ८ को स्थानीय तहको अभिलेख |
| २ | गतवर्षको तुलनामा औसत जिपीयमा बृद्दि | ३ | कक्षा ८ को स्थानीय तहको अभिलेख |

| | | | |
|---|---|---|---|
| ३ | दुई वर्ष अघिको कक्षा ७ मा भर्ना भएका विद्यार्थीको तुलनामा यस वर्ष कक्षा ८ पूरा गर्ने प्रतिशत | ३ | तथ्याङ्क विवरण अभिलेख |
| ४ | कक्षा ७ र ८ को प्रति कक्षा औसत उपस्थिति प्रतिशत | ३ | तथ्याङ्क विवरण अभिलेख |
| ५ | गत शैक्षिक सत्रमा शिक्षकको औसत उपस्थिति प्रतिशत | ३ | विद्यालयमा रहेको हाजिरी अभिलेख |
| ६ | विव्यस गठन बैठक र कार्यान्वयन | ३ | विद्यालय अभिलेख |
| ७ | वार्षिक शैक्षिक योजना निर्माण | ३ | विद्यालय अभिलेख |
| ८ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग | ३ | विद्यालय अभिलेख |
| ९ | प्रअद्वारा कक्षा अवलोकन कार्य | ३ | विद्यालय अभिलेख |
| १० | पाठ योजना तयार गर्ने शिक्षक | ३ | विद्यालय अभिलेख |
| ११ | मूल्याङ्कनको निरन्तरता र निर्माणात्मक प्रयोग | ३ | विद्यालय अभिलेख |
| १२ | शिक्षकको अनुपस्थितिमा कक्षा व्वस्थापनको स्वरुप | ३ | विद्यालय अभिलेख |
| | जम्मा अङ्क | ३६ | |

## अनुसूची ३

## नागार्जुन नगरपालिका, वागमती प्रदेश र श्री ............................ विद्यालय ..................बीच भएको करार सम्झौता

श्री नागार्जुन नगरपालिका, वागमती प्रदेश (यस पछि प्रथम पक्ष भनिएको छ) र काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका वडा नं......मा सञ्चालित श्री ........... विद्यालय............................ (यस पछि दोस्रो पक्ष भनिएको छ) बीच वार्षिक एकमुष्ठ अनुदानबाट **शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८०** बमोजिम सामुदायिक विद्यालयको लागि प्रदान गरिने वार्षिक एकमुष्ठ अनुदानबाट तपसिलका सर्तहरु पालना गर्ने गरी यो करार सम्झौता गरियो ।

**१ प्रथम पक्षको तर्फबाट देहाय अनुसारका कार्यहरु गर्नेः**

क) छनोटमा परेका विद्यालयहरुलाई स्थानीय तहबाट तोके बमोजिमको रकम दोस्रो पक्षको बैंक खातामा निकासा गर्ने,

ख) कार्यविधिमा तोके अनुसार रकम तोकिएको शीर्षकमा खर्च गर्न निर्देशन दिने,

ग) अनुदान खर्च तथा विद्यालयको शैक्षिक सुधारको लागि समय समयमा अनुगमन गर्ने,

घ) दोस्रो पक्षलाई वार्षिक एकमुष्ठ अनुदान निकासा पछि सो विद्यालयलाई शिक्षक, वालकक्षा शिक्षक,कर्मचारी पारिश्रमिक तथा विद्यालयको शैक्षिक सुधारका (विद्यालय पूर्वाधार विकास बाहेक) अन्य कुनै शीर्षकको रकम प्रदान गरिने छैन,

**२ दोस्रो पक्षबाट देहाय अनुसारका कार्यहरु गर्नेः**

क) वार्षिक एकमुष्ठ अनुदान प्राप्त गरेपछि उक्त अनुदान रकम शिक्षक,वाल शिक्षक तथा कर्मचारी पारिश्रमिक तथा वचत रकम विद्यालय व्यवस्थापन र विद्यालय सुधार योजनाले परिलक्षित गरेका शैक्षिक सुधारका क्षेत्रमा खर्च गर्नुपर्ने,

ख) विद्यालयले एक वर्षमा प्राप्त गर्न सक्ने गरी प्रत्येक कक्षाको विषयको सिकाइ उपलव्धि निर्धारण गरी सो प्राप्त गर्ने व्यवस्था मिलाउने,

ग) विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

घ) विद्यालयले गरेका शैक्षिक गतिविधिहरुलाई समेटी चौमासिक रुपमा प्रतिवेदन तयार गर्ने र स्थानीय तहमा पेश गर्ने,

ङ) शिक्षण सिकाई सहयोग अनुदान कार्यक्रम सञ्चालनका लागि विद्यालयले (लागत अनुमान तथा स्पेसिफिकेसन आवश्यकतानुसार सम्बन्धित प्राविधिकहरुबाट) तयार गरी विद्यलय व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने छ,

च) विद्यालयले कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चातको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिता मूल्यांकन गरी प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नुपर्ने छ,

छ) कार्यक्रम सम्पन्न भइसकेपछि सो सम्बन्धी सामग्रीहरुको जिन्सी दाखिला गर्ने,सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत संभार गर्ने कार्य समेत स्वतः विद्यालयले नै गर्नुपर्ने छ,

ज) कार्य सम्पन्न भइ सकेपछि भुक्तानीको लागि सञ्चालन भएका क्रियाकलापहरु र खरिद गरी स्थापना गरिएका सामग्रीहरुको फोटाहरु,

झ) नागार्जुन नगरपालिकाले दिएका निर्देशन अनुसारका कार्यहरु गर्ने।

करार सम्झौता अनुसार काम नगरेमा तथा प्रथम पक्षले दिएको निर्देशनको दोस्रो पक्षले पालना नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई अनुदान रोक्का गर्न, प्रचलित कानुन अनुसार कारबाही गर्न तथा करार सम्झौता रद्द गर्न सक्नेछ ।

प्रथम पक्षका तर्फबाट
नाम थर:
पद:
दस्खत:
नाम थर:
पद:
दस्खत:
कार्यालयको छापः
कार्यालयको छाप

रोहवर
नाम थर:
पद:
दस्खत:

दोस्रो पक्षका तर्फबाट
नाम थर:
पद:
दस्खत:
नाम थर: पद:
दस्खत:
कार्यालयको छापः
कार्यालयको छाप

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. १०/-

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. १०/-

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. १०/-